# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३


प.सं. ०७६/०७७
च.नं. ३०६९

मितिः.....२०७६।१२।२०.......

विषय : लगत संकलन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
राप्ती नगरपालिका ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण तथा विपत व्यवस्थापन शाखा, सिंहदरबार काठमाडौंको प.स. ०७६/७७ च.नं. ४३९ मिति २०७६।१२।१९ को पत्र र वागमती प्रदेश सरकारबाट प्राप्त लक्षित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन २०७६ अनुसार राहत माग संकलन गर्न उल्लेख भएकाले सो बमोजिमको राहत माग गर्नुपर्ने परिवारको मात्र विवरण संकलन गरी मिति २०७६।१२।२१ भित्र यस नगरपालिकामा पठाउनु हुन तथा मापदण्ड अनुसूची-१ को विवरण संकलन फारम, अनुसूची २ को राहात वितरण फारम र दफा – ७ को उपदफा २ सँग सम्बन्धीत प्रतिवेदनको ढाँचा यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

**राहत वितरणका लागि लक्षित परिवारको पहिचान**

१. रातह वितरणका लागि लक्षित परिवारको पहिचान गर्ननिम्नानुसार आधारहरु लिनुपर्नेछ
   - १.१ अति विपन्न : शहरी क्षेत्रको हकमा मौद्रिक आम्दानीको स्रोत नै नभएका र ग्रामीण क्षेत्रको हकमा आफनो कृषि उत्पादनले ३ महिना भन्दा कम खान पुग्ने परिवार
   - १.२दैनिक ज्यालादारीः विगत देखि विभिन्न असंगठितब्यवसाय वा सेवा प्रदायकक्षेत्रमादैनिकजयाला पाउने गरीमजदुरी गर्दै आएका ब्यक्ति जसलाई विहान बेलुकाको छाक टार्न मुस्किल रहेको
   - १.३ असहाय : अविभावक नभएका, आर्थिक आय आर्जन गर्न सक्ने परिवारको सदस्य नभएका, अरुको सहयोग एवं सहारामाबस्ने, अपांगता भई आम्दानी गर्न नसक्ने, अविभावक नभएका बालबालिका र परिवारमा ७५ वर्ष भन्दा माथिका नागरिक मात्र भएका

२. असंगठित क्षेत्रमादैनिक ज्यालादारी भन्नालेनिम्नानुसार प्रकृतिको कामलाई जनाउँदछ ।
   - बजार क्षेत्रमा भरियाको काम गर्ने ।
   - निर्माण सामाग्री भरिया वा गाडी नचल्ने बाटोमा आवश्यक वस्तु ढुवानी गर्ने ब्यक्ति
   - गिटी कुट्ने, बालुवा चाल्ने वा इटा भट्टामा काम गरी हाल प्रकोपको कारण विहान बेलुका छाक टार्न नसक्ने
   - दैनिक ठेक्कामा अटोरिक्सा र इरिक्सा चलाई बन्दको कारण विहान बेलुका छाक टार्न समस्या भएको हकमा मात्र

३. परिवारको कुनै सदस्य वैदेशिक रोजगारमा नभएको,
४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने परिवारको सदस्य संख्या कटाउने
५. आम्दानीको कुनै स्रोत नभएको
६. कुनै व्यवसाय नगरेको
७. घरको संरचना दयनीय भएको
८. निजी, मोटर साइकल, गाडी नभएको (साइकल बाहेक)

२०७६।१२।२०


☎:०५६-५५००१५ । इमेल : rraptimunicipality42@gmail.com | वेवसाइट : www.raptimun.gov.np

# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३


प.सं. ०७६।७७
च.नं. ३०६९

मिति: २०७६।१२।२०

**विवरण संकलन गर्नेप्रक्रिया**

१. असहाय, अति विपन्न र दैनिक ज्यालादारी परिवारकोविवरण संकलनका लागि राप्ती नगरपालिकाले अनुसूचीमा दिइए बमोजिम फारम तयार गरी वडा कार्यालयहरुमा पठाइएको छ ।

२. वडा कार्यालयले आफ्नो क्षेत्रभित्र वसोवास गर्ने परिवारहरुको यस अघि नै अभिलेख गरिएको सूचनाका आधारमा समेत आफै विवरण संकलन फारम भरि सुचिकृत गर्न सक्नेछ ।

३. संकलित फारमा उल्लेखित सूचनाका आधारमा वडा कार्यालयले लक्षित परिवारका मूख्य व्यक्तिको नाम, परिवारका सदस्य संख्या, टोलवस्तीको नाम र घरमुलीको नागरिकता नम्बर संलग्न गरि सार्वजनिक जानकारीको लागि ३ दिनको म्याद दिई सार्वजनिक सूचना जारी गर्नु पर्नेछ ।

४. यदि लक्षित परिवारको आफ्नो स्थायी घर नभई डेरामा वसेको भए फारममा घरधनीको नाम र ठेगाना उल्लेख गर्नुपर्ने छ ।

५. लक्षित परिवारकोसंकलित फारममा वडा अध्यक्ष वा सदस्य मध्ये कुनै एकले राहतका लागि योग्य भएको सिफारिस गर्न हस्ताक्षर गर्नुपर्नेछ ।

६. सार्वजनिक सूचनामा संलग्न विवरण उपर वडाका कुनैपनि नागरिकले नै परिवारको सूचना छुट हुन गएमा त्यस्ता परिवारलाई सो सूचीमा समावेश गराउन र कोही गलत विवरण टिपाई संलग्न भएको भए निजको विवरण हटाउन सूचना दिन सक्नेछन् ।

७. विवरण थपघटका लागि दिइएको समयावधि सकिएको २ दिनभित्र वडा कार्यालयले राहत पाउने लाभग्राहीहरुको विवरणलाई अन्तिम रुप दिई नगर कार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ ।

८. एक इकाई भन्नाले एक परिवार भन्ने सम्झनु पर्नेछ ।

२०७६।१२।२०

(गंगा बहादुर भुजेल)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

अभिलेखको ढाँचा

राहत प्राप्त गर्ने व्यक्तिको विवरण:

१. नाम थर:    २. बाबुको नाम:    ३. बाजेको नाम

४. स्थायी ठेगाना:    ५. हालको ठेगाना:

६. टेलिफोन वा मोबाइल नम्बर (भएमा):

७. दैनिक ज्यालादारीमा कार्यरत स्थान:    ८. गर्ने गरेको कामको विवरण:

८. पेश गरेको कागजातको विवरण: (कम्तीमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा

ख. गरिब घर परिवार परिचयपत्रको प्रतिलिपि वा

ग. सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा

घ. अन्य:

९. राहत लिने व्यक्तिको स्वःघोषणा:

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन्। मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन। माथि पेश गरेको विवरण ठीक साँचो हो। व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक:-
दस्तखत:
मिति:

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारी:-
दस्तखत:
नाम:    पद:
मिति:

स्थानीय तहको नाम :
वडा नं. :

अनुसूची : २

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

............. पालिका

वडा नं. ........ कार्यालय: ...........

राहत वितरणको अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको

दस्तखत:

नाम थर:

टेलिफोन नं:

# अनुसूची

(दफा ७ को उपदफा २ सँग सम्बन्धित)

............. पालिका

## प्रतिवेदनको ढाँचा

| सि. नं. | राहत प्रास गर्ने व्यक्तिको नाम | टेगाना तथा टेलिफोन नं | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निवेदन गर्नेको:

दस्तखत:
नाम थर:
टेलिफोन नं: